# नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको
# गोलबजार नगरपालिकाको
# "आर्थिक विधेयक- २०७८"

**प्रस्तावना:**

गोलवजार नगरपालिका आर्थिक वर्ष २०७८।०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गोलबजार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (क) यस ऐनको नाम "आर्थिक ऐन, २०७८" रहेको छ।

(ख) यो ऐन २०७८ साल श्रावण १ देखि गोलवजार नगरपालिका क्षेत्रभित्र लागु हुनेछ।

**२. भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र **अनुसूचि -१** बमोजिम भूमि (मालपोत) कर लगाइने र असूल गरिनेछ।

**३. घर बहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै/आंशिक तवरले वहालमा दिएकोमा **अनुसूचि -२** बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**४. बहाल विटौरी शुल्क:** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गामा खरीद बिक्री बापत **अनुसूची -३** बमोजिम शुल्क लगाइने र असूल गरिनेछ।

**५. सिफारिश तथा सेवा शुल्क:** नगरपालिका अन्तर्गतका कार्यालयबाट प्रदान गरिने सेवाको सिफारिस तथा सेवा शुल्क **अनुसूची -४** बमोजिम लगाइने र असूल गरिनेछ।

**६. नक्सा पास /नक्सा प्रमाणित दस्तुर:** नगरपालिका क्षेत्रभित्र निर्माण हुने भवन वा संरचना तथा पुराना घरको नक्सा पास/नक्सा प्रमाणित तथा फाराम शुल्कको दररेट **अनुसूची -५** बमोजिम लगाइने र असूल गरिनेछ।

**७. व्यवसाय कर:** यस नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा **अनुसूची -६** बमोजिम व्यवसाय कर लगाइने र असूल गरिनेछ।

**८. सम्पत्ति कर:** यस नगरपालिका क्षेत्रभित्र घर वा संरचना र सो ले चर्चेको जग्गामा लाग्ने कर **अनुसूची-७** बमोजिम सम्पत्ति कर लगाइने र असूल गरिनेछ।

**९. खनिज पदार्थ उत्खनन् शुल्क**: खनिज पदार्थ उत्खनन् (माटो, बालुवा, ढुंगा, गिट्टी र ग्राभेल) ढुंगा,गिट्टी,वालुवा र ग्राभेलको दररेट **अनुसूची –८** बमोजिम लगाइने र असूल गरिनेछ।

**१०.विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूची-९** बमोजिम विज्ञापन कर लगाइने र असूल गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**११. मनोरञ्जन कर:** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा **अनुसूची -१०** मा उल्लेख भए बमोजिम मनोरञ्जन कर लगाइने र असूल गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१२. पार्किङ शुल्क:** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूची-११** मा उल्लेख भए बमोजिम पार्किङ शुल्क लगाइने र असूल गरिनेछ।

**१३ राजश्व छुट:** नगरपालिका क्षेत्रभित्र **अनुसुची-१२** मा उल्लेख भए बमोजिम राजश्व छुट गरिनेछ।

## अनुसूची –१

**<u>मालपोत दर ( जग्गा कर):</u>** यस आ.व. २०७८/ ०७९ का लागि कार्यालयबाट **जग्गा कर** वा भूमि कर वा मालपोत सम्बन्धी करको दररेट।

**(क) तीन विगाहा भन्दा कम जग्गा हुने जग्गावालाका लागि**

| इकाई | अब्बल | दोयम | सीम | चहार |
|---|---|---|---|---|
| प्रति विगाहा | रु.१००।- | रु.९०।- | रु.८०।- | रु.७०।- |
| प्रति कट्ठा | रु.५।- | रु.४.५।– | रु.४।- | रु.३.५ ।– |
| प्रति धुर | रु.०.५० | रु.०.४० | रु.०.३० | रु.०.२० |

द्रष्टव्यः माथि जे उल्लेख भएतापनि १ धुरदेखि १ कठ्ठासम्मको जग्गालाई न्यूनतम ५ रुपैया लाग्नेछ।

**(ख) तीन विगाहा वा सो भन्दा बढी जग्गा हुने जग्गावालाका लागि**

| इकाई | अब्बल | दोयम | सीम | चहार |
|---|---|---|---|---|
| प्रति विगाहा | रु.१५०।- | रु.१३०।- | रु.१००।- | रु.९०।- |
| प्रति कट्ठा | रु.७।- | रु.६।- | रु.५।- | रु.४।- |
| प्रति धुर | रु.०.४० | रु.०.३० | रु.०.२० | रु.०.१५ |

## अनुसूची –२

**<u>घर बहाल कर:</u>** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै/आंशिक तवरले बहालमा दिएकोमा घर बहालबाट प्राप्त आम्दानिको १० % बहाल कर लाग्नेछ।

**क. हाट वजार (गुदरी) सेवा शुल्क**

| सि.नं. | विवरण | आ.व.०७८/०७९ |
|---|---|---|
| ०१ | अम्रिसोको कुचो तथा राडी खरको कुचो वेच्ने वाट लिने प्रति सैकडा | ५०।– |
| ०२ | आलु मन एकको वेचने संग लिने | १० ।– |
| ०३ | लिचि वजारमा वेच्नेवाट लिने प्रति सैकडा | १० ।– |
| ०४ | कलमी आँप वेच्नेवाट लिने प्रति मन | २०।– |
| ०५ | सरही आँप वेच्नेवाट लिने प्रति मन | १५।– |
| ०६ | परेवा प्रति जोडा वेच्नेवाट लिने | १५।– |
| ०७ | कुखुरा प्रति थान वेच्नेवाट लिने | १५।– |
| ०८ | फुटपाथमा कठँजा राख्ने संग लिने प्रति बैठकी (बढीमा ५० बर्ग फिट) प्रति दिन | ८०।– |
| ०९ | भोर्लाको पात ठेलावाट किन्ने व्यापारी सँग लिने प्रति भारी | १०।– |
| १० | फुटपाथमा चुडा तथा लहठी पसल गर्ने सँग लिने पसल एकको | ३०।– |
| ११ | फुटपाथमा चामल, च्युरा वेच्ने वाट लिने प्रति ढक्की | १०।- |
| १२ | घानको ढुटो (भुषा गुन्डा) मन एकको वेच्नेवाट | १५।– |
| १३ | फुटपाथमा वसी टर्च, लाइट र स्टोव, जुता, छाता मरम्मत तथा चुरा, (चुडी) ढक्कीमा तेल र पिना, कँकट, तमाखु, वाँसको ढक्की, समेत वेच्ने वाट लिने प्रति दिन | ३०।– |
| १४ | सुर्ति राम्रो, सुकेको खुर्सानी, सुकेको हर्दि (वेसार) पसल थापी वेच्ने वाट लिने प्रति मन | २०।– |
| १५ | फुटपाथमा सुर्ति डांट,काँचो हर्दि अथवा शखरखण्ड, पसल थापी वेच्ने वाट लिने प्रति मन | २०।– |
| १६ | विभिन्न साग सव्जी, कटहर,काँक्रा,तरबुजा, खरबुजा आदि साईकलमा ल्याई वेच्नेवाट लिने | १५।– |
| १७ | विभिन्न साग सव्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदि मोटर साईकलमा ल्याई वेच्नेवाट लिने | २०।– |

| | | |
|---|---|---|
| १८ | विभिन्न साग सब्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदि रिक्सा टेलामा ल्याई वेच्नेवाट लने | ३५।– |
| १९ | विभिन्न साग सब्जी,कटहर,काँक्रा,तरबुजा, खरबुजा आदि गोरु गाडामा ल्याई वेच्नेवाट लिने | १००।– |
| २० | विभिन्न साग सब्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदि टायर गाडामा ल्याई वेच्नेवाट लिने | १०।– |
| २१ | विभिन्न साग सब्जी, कटहर, काँक्रा,तरबुजा, खरबुजा आदि ट्रयाक्टरमा ल्याई वेच्नेवाट लिने | २००।– |
| २२ | विभिन्न साग सब्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदि ट्रकमा ल्याई वेच्नेवाट लिने | ३००।– |
| २३ | विभिन्न साग सब्जी, कटहर, काँक्रा,तरबुजा,खरबुजा आदि प्रति भंङ्गामा ल्याई वेच्नेवाट लिने | २०।– |
| २४ | विभिन्न साग सब्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदि प्रति वोरामा ल्याई वेच्नेवाट लिने | १५।– |
| २५ | विभिन्न साग सब्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदि प्रति ढक्कीमा ल्याई वेच्नेवाट लिने | १०।– |
| २६ | दर्ता भएको ठेलामा फलफुल, तरकारी, चिया, नास्ता,भुजा,अण्डा विक्री गर्ने सँग लिने प्रति दिन | ३०।– |
| २७ | दर्ता नभएको ठेलामा फलफुल,तरकारी,चिया,नास्ता,भुजा,अण्डा विक्री गर्ने सँग लिने प्रति दिन | ६०।– |
| २८ | जुता चप्पल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ४०।– |
| २९ | गुँड, (शखर) अथवा कँकट तमाखु वेच्नेवाट लिने प्रति मन | ४०।– |
| ३० | फुटपाथमा रहने हलुवाई, चक्कु, हंसीया,खुर्पि,खुम्चा,जाँतो सिलौटो पसल एकको प्रति दिन लिने | २०।– |
| ३१ | न.पा.मातहतको टहरो न.पा.ले वहालमा नदिई उपलब्ध गराएको सार्वजनिक स्थानमा गन्जी, गम्छा, तथा तयारी लुगा वेच्ने पसल एकको लिने प्रति दिन | ६०।– |
| ३२ | हटिया र फुटपाथमा विक्री हुने नाग्लो थान–१ | ५।– |
| ३३ | फुटपाथमा माटोको भाँडा राखि वेच्ने पसल (बढीमा ५० बर्ग फिट) को लिने प्रति दिन | ३०।– |
| ३४ | फुटपाथमा रहेको टहरो सानो पसल,कपाल,दाह्री, काटने पसल एकको लिने प्रति दिन | २०।– |
| ३५ | खेल चटक, तमासा इत्यादी गर्ने जडीवुटि तथा सो सरहको सामान (माइक नराखी) वेच्ने वाट लिने प्रति दिन | २०।– |
| ३६ | सार्वजनिक जग्गामा कांटा राखी गल्ला खरीद विक्रि गर्ने सँग लिने प्रति दिन | ६०।– |
| ३७ | न.पा.क्षेत्रमा माइक राखि प्रचार प्रसार गर्ने जडीवुटी वेच्ने पसल सँग लिने प्रति दिन | ६०।– |
| ३८ | पाटको डोरी सिक अथवा सावेको डोरी वेच्ने पसल एकको प्रति | १०।– |
| ३९ | ठूलो माछा ठूलो पसल एकको प्रति दिन | १५०।– |
| ४० | ठूलो माछा सानो पसल एकको प्रति दिन | १००।– |
| ४१ | अन्य जंगली माछा घुगी, सितुवा पसल एकको (पसल हेरी) वढीमा प्रति दिन | ५०।– |
| ४२ | ठूलो माछा विक्री गर्ने व्यापारी संग लिने प्रति मन | ३००।– |
| ४३ | सिध्रा माछा थोक विक्री गर्नेवाट लिने प्रति मन | ३००।– |
| ४४ | सिध्रा माछा ठूलो विक्री गर्नेवाट लिने प्रति दिन | ४०।– |
| ४५ | सिध्रा माछा सानो खाले विक्रि गर्नेवाट लिने प्रति दिन | ३०।– |
| ४६ | रांगा काटि मासु वेच्नेवाट लिने प्रति गोटा | ३००।– |

| | | |
|---|---|---|
| ४७ | खसी काटी वा वाहिरवाट काटी ल्याई विक्री गर्नेवाट लिने प्रति गोटा | ५०।– |
| ४८ | सुँगुर जिवित वा काटेर अथवा घरैवाट काटेर ल्याई मासु वेच्नेवाट लिने प्रति गोटा | १००।– |
| ४९ | वाँस वति प्रति गाडा वेच्नेवाट लिने | ३०।– |
| ५० | जंगली वाँस ( कोरो) टाउंकोमा बोकी ल्याई विक्री गर्नेसंग लिने | २०।– |
| ५१ | जंगली वति टाउंकोमा बोकी ल्याई विक्री गर्ने संग लिने | १०।– |
| ५२ | दाउरा साईकलमा वोकी ल्याउने सँग लिने प्रति साईकल | १५।– |
| ५३ | दाउरा टाउकोमा वोकी ल्याउने सँग लिने प्रति वोझा | १०।– |
| ५४ | प्याजको विउ प्रति ढकी विक्री गर्ने सँग लिने | १०।– |
| ५५ | प्याजको विउ प्रति वोरा विक्री गर्ने सँग लिने | १५।– |
| ५६ | केरा घरी–१ को | १५।– |
| ५७ | मसाला सामान बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ६०।– |
| ५८ | बिभिन्न तरकारी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ४०।– |
| ५९ | चामल,च्युरा,पिठो आदी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ४०।– |
| ६० | गुन्दरी,पटीया आदी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ५० बर्ग फिट) प्रति दिन लिने | १५०।– |
| ६१ | फलफुल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ५०।– |
| ६२ | चौकीमा राखि नाक, कान आदी सामान बिक्रि गर्ने तथा नाक कान छिर्ने संग लिने | ५०।– |
| ६३ | चौकीमा राखि दालमुट, भुजिया आदी बिक्री गर्ने संग लिने | ५०।– |
| ६४ | अदुवा बिक्री गर्ने संग लिने प्रति मन | ३०।– |
| ६५ | साडी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ४० बर्ग फिट) प्रति दिन लिने | १००।– |

**द्रष्टव्य** :–

(क) गुदरी हाट सेवा शुल्क दस्तुरमा न.पा.को मातहतमा रहेको नम्वरी वा सार्वजनिक जग्गामा किनवेच गर्नेमा मात्र उक्त सेवा शुल्क असुल गर्न पाइने छ।

(ख) उपरोक्त दररेटमा लेख्न छुट भएको बस्तुमा आपसी सहमतिमा मात्र शुल्क लिईने छ। सहमति नभए न.पा.बाट निर्धारण गर्नेछ र सोही अनुसार ठेकेदारले शुल्क लिनु पर्नेछ।

(ग) नगरपालिकाले तोकिदिएको ऐलानी जग्गामा न.पा.को स्वीकृती लिई राखेको पसलमा दैनिक शुल्क असुल गर्न पाइने छैन।

(घ) माथी जे उल्लेख भएतापनि लोकमार्गको पेटीमा(फुटपाथ) विक्री गर्ने विक्रेतालाई दोब्बर शुल्क लाग्ने छ।

**ख. वैलहाट (पशु वजार) सेवा शुल्क**

| सि.नं. | विवरण | आ.व.०७८/०७९ |
|---|---|---|
| १ | गाई, गोरु, भैंसी, घोडा, बाछी, पाडा, पाडी बेच्नेबाट लिने प्रति थान | २००।– |
| | गाई, गोरु, भैंसी, घोडा, बाछी, पाडा, पाडी किन्नेबाट लिने प्रति थान | २००।– |
| २ | बीउ पाडा (राँगा) बेच्नेबाट लिने प्रति थान | ४००।– |
| | बीउ पाडा (राँगा) किन्नेबाट लिने | ४००।– |
| ३ | हलो जोताई वापत प्रति जोडा बेच्नेबाट | ५०।– |
| | हलो जोताई वापत प्रति जोडा किन्नेबाट | ५०।– |
| ४ | वाख्रा, खसी, पाठा पाठी खरीद प्रति थान | १५०।– |

| | | |
|---|---|---|
| | वाख्रा, खसी, पाठा पाठी विक्री प्रति थान | १५०।– |

**ग. बाख्रा बजार सेवा शुल्क**

| सि.नं. | विवरण | आ.व.०७८/०७९ |
|---|---|---|
| १ | वाख्रा, खसी, पाठा पाठी खरीद प्रति थान | १५०।– |
| | वाख्रा, खसी, पाठा पाठी विक्री प्रति थान | १५०।– |

## अनुसूची – ३

**विविध**

क. बिटौरी जग्गाको शुल्क

नगरपालिका क्षेत्र भित्र रहेका बिटौरी जग्गाको बार्षिक प्रति धुर रु. ५०।– (पचास)

ख. सटर भाडाको दररेट

१. लोकमार्गसंग जोडिएको नगरपालिकाको स्वाामित्वको प्रति सटर न्युनतम मासिक रु ७०००।–

२. ग्रामीण वजारमा रहेको नगरपालिकाको स्वामित्वको प्रति कोठा न्युनतम मासिक रु १०००।–

घ. सवारी साधन भाडा

| क्र.सं. | विवरण | आ.व.२०७८/७९ | इन्धन | कैफियत |
|---|---|---|---|---|
| १ | व्याक हो लोडर प्रति घण्टा रु. (न्यूनतम २ घण्टाको शुल्क लाग्ने छ।) | १८००।- | कार्यालयले व्यहोर्ने। | |
| २ | ट्रिपर प्रति दिन रु. (१ कार्य दिन बराबर ८ घण्टा हुने।) | ५०००।- | भाडामा लिने व्यक्ति स्वमले व्यहोर्नु पर्नेछ। | |
| ३ | रोलर प्रति सिफ्ट (१ सिफ्ट बराबर ८ घण्टा हुने र इन्धन बाहेक प्रति सिफ्ट रु. ८०००।, सिफ्ट कटेपछि प्रति घण्टा रु १२००।-) न्यूनतम २ घण्टाको शुल्क लाग्ने छ। | ८०००।- | भाडामा लिने व्यक्ति स्वमले व्यहोर्नु पर्नेछ। | |
| ४ | ग्रेडर प्रति दिन रु.(१ सिफ्ट बराबर ८ घण्टा हुने र इन्धन बाहेक प्रति सिफ्ट रु. १२५००) न्यूनतम २ घण्टाको शुल्क लाग्ने छ। | १२५००।- | भाडामा लिने व्यक्ति स्वमले व्यहोर्नु पर्नेछ। | |
| ५ | ट्रयाक्टर प्रति दिन रु (१ कार्य दिन बराबर ८ घण्टा हुने) | १५००।- | भाडामा लिने व्यक्ति स्वमले व्यहोर्नु पर्नेछ। | |
| ६. | सक्सन मेशिन नगरपालिका क्षेत्रभित्र प्रयोग भए इन्धन कार्यालयले व्यहोरी प्रति ट्रिप रु १५००।– र नगरक्षेत्र वाहिर भए प्रति ट्रिप रु २०००।– र दूरीको हिसाबमा रु.३०००।–सम्म लिने। | १५००।– | कार्यालयले व्यहोर्ने। | |

## अनुसूची –४

**निवेदन, सिफारिस, नक्कल तथा वोलपत्र फाराम विक्रीमा लाग्ने शुल्क**

| सि.नं. | विवरण | आ.व. २०७८/०७९ दर रु. | कैफियत |
|---|---|---|---|
| १ | निवेदनमा टिकट वापत प्रति निवेदन | १०।– | |
| २ | नक्कल दस्तुर प्रति पाना | ५।– | |
| ३ | व्यवसाय,घरेलु,संस्था र अन्य ठाउँसरी सिफारिसमा | ५००।- | |
| ४ | **वोलपत्र, दस्तूर** | | |
| | रु. २० लाखसम्मको ठेक्कामा | १००० ।– | |
| | रु. २० लाख देखि रु.५० लाखसम्मको ठेक्कामा | २०००।– | |
| | रु.५० लाखभन्दा माथिको ठेक्कामा | ३०००।– | |
| ५ | गैरसरकारी संस्था नवीकरण सिफारिसमा | १०००।– | |

| | | | |
|---|---|---|---|
| ६ | जग्गाको मुल्याङ्कन सिफारिसमा रु. ५लाख सम्मको जग्गामा | १५०।– | रु. पाँच लाख भन्दा बढी प्रति लाख रु. ४०।– थप गरी लिने |
| ७ | घर मुल्याङ्कन सिफारिसमा | २५०।– प्रति लाख | |
| ७ | नगरपालिका क्षेत्र भित्रको जग्गाको घर वाटो र चार किल्ला प्रमाणित सिफारिसमा | १००।– | |
| ८ | वकसपत्र पारितका लागि सिफारिस गर्दा (वहाल विटौरीको जग्गा समेत) | १५०।– | |
| ९ | गांउ व्लक जग्गाको लगत कायमको सिफारिस गर्दा | ५००।– | |
| १० | जग्गा नामसारी, अंशवण्डाको सिफारिसमा (गांउ व्लक सहित राजीनामा, दृष्टिबन्धक) | ५००।– | |
| ११ | टेलिफोन, खानेपानी, विद्युत,कृषि सिंचाई  मिटर सिफारिसमा | १५०।- | |
| १२ | गैरसरकारी संस्था दर्ता  सिफारिसमा | १५००।– | |
| १३ | नगर क्षेत्रका लागि चारित्रिक प्रमाण–पत्रको सिफारिसमा | १००।– | |
| १४ | नगरक्षेत्र वाहिरका लागि चारित्रिक प्रमाण–पत्रको सिफारिसमा | २००।– | |
| १५ | थ्रि फेज लाईनको सिफारिस ( सुकुम्वासीलाई नि:शुल्क) | १०००।– | |
| १६ | थ्रि फेज लाईनको सिफारिस ( कृषि सिंचाईको हकमा) | ५००।- | |
| १७ | **शिक्षण संस्थामा स्वीकृति तथा सिफारिसमा देहाय वमोजिम दस्तुर लाग्ने  :–** | | |
| | (क) पुर्व प्रा.वि. स्वीकृतिमा | ३,०००।– | |
| | (ख) सामुदायिक अध्ययन केन्द्रको सिफारिसमा | ३,०००।– | |
| | (ग) प्रा.वि.स्तर सम्मकोमा | ३,०००।– | |
| | (घ ) मा.वि.स्तर सम्मकोमा | ५०००।– | |
| १८ | सहुलियत दरमा सम्वन्धित निकायमा काठ उपलव्ध गराउनका लागि प्रति क्युविक.फिट रु. १०।– का दरले  सिफारिस दस्तुर | १०।– | |
| १९ | (क) नाता प्रमाणित | १५०।- | |
| | (ख) अन्य प्रमाणित | १५०।– | |
| २० | शहरी क्षेत्र भित्रको घडेरी जग्गामा मोही निष्कासन गर्दा प्रति कठ्ठा सिफारिस | ३००।– | |
| २१ | खेतीयोग्य जग्गामा मोही निष्कासन सम्वन्धी सिफारिस | १००।– | |
| २२ | व्यक्तिगत घटना दर्ता सिफारिस | ५०।– | |
| २३ | अन्य सिफारिस गर्दा (मूल्य नखुलेको भएमा) | १५०।– | |
| २४ | जग्गाधनी प्र.पुर्जामा फोटो टाँसी तीनपुस्ते कायम सिफारिस | १५०।– | |
| २५ | नाम संसोधन सिफारिस | १५०।– | |
| २६ | जग्गाको भोग चलन सिफारिस | १०००।– | |
| २७ | जन्म तथा वसोवास प्रमाणीत | १००।– | |
| २८. | सर्जमिन मुचुल्का सहितको कुनै पनि सिफारिसमा | ५००।– | |
| २९. | जग्गा नामसारी सिफारिस | १५०।– | |
| ३०. | अन्य नामसारी सिफारिस | २००।- | |
| ३१. | क) परिचय पत्रको विलम्ब दस्तुर | २००।- | नेपाल राजपत्र खण्ड ७० सङ्ख्या ४६ भाग ३ मिति |
| | ख) परिचय पत्रको प्रतिलिपि दस्तुर | ५००।- | |
| | ग) व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क | २००।- | |
| | घ) व्यक्तिगत घटना दर्ताको नक्कल दस्तुर | ५००।- | |

| | | | |
|---|---|---|---|
| | ङ) व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख हेरेको दस्तुर | २००।- | |
| | च) परिचय नम्बर वा बैयक्तिक विवरणको प्रमाणिकरणको सेवा बापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | ५।- | |
| | छ) जैविक विवरण वा परिचयपत्रको प्रमाणिकरणको सेवा बापत प्रति ब्यक्ति प्रति पटकको दस्तुर | १०।- | |
| | ज) परिचय नम्बर, बैयक्तिक विवरण, जैविक विवरण वा परिचयपत्रको प्रमाणिकरण भई सम्बन्धित व्यक्तिको अन्य वैयक्तिक विवरण प्रदान गरे बापत प्रति व्यक्ति प्रति पटको दस्तुर | २०।- | |
| ३२. | घ वर्गका ठेकेदार इजाजतपत्र जारी | १००००।– | |
| ३३. | घ वर्गका ठेकेदार इजाजतपत्र नवीकरण | १०००। | |
| ३४. | घ वर्गका ठेकेदार इजाजतपत्र नवीकरण म्याद नाघेकोमा थप | ५००। | |
| ३५. | घ वर्गका ठेकेदार इजाजतपत्र नामसारी | १००००।– | |
| ३६. | व्यवसाय दर्ता प्रमाण पत्र जारी गर्दा | १०००।– | |
| ३७ | व्यवसाय दर्ता प्रमाण पत्र नवीकरण गर्दा | ५००।– | |
| ३८ | व्यवसाय दर्ता प्रमाण पत्र नामसारी गर्दा | १०००।- | |
| | **स्वास्थ्य संस्था दर्ता तथा नविकरण दस्तुर** | | |
| | १. अस्पताल तथा नर्सिङ्ग होम शैया संख्या दर्ता दस्तुर | रु. ७०००/- | प्रति शैया |
| | २. अस्पताल तथा नर्सिङ्ग होम शैया संख्या नविकरण दस्तुर | रु. २०००/- | प्रति शैया |
| | ३. डायगनोस्टिक सेन्टर (एक्सरे ,ल्याव)दर्ता दस्तुर | रु. २००००/- | प्रति सेवा |
| | ४. डायगनोस्टिक सेन्टर नविरकण दस्तुर (एक्सरे ,ल्याव) | रु. ३०००/- | प्रति सेवा |
| | ५. पोलिक्लिनिक क्लिनिक /दर्ता दस्तुर | रु. १५०००/- | प्रति सेवा |
| | ६. पोलिक्लिनिकक्लिनिक नविरकण दस्तुर / | रु. ३०००/- | प्रति सेवा |
| | ७. आयुर्वेद अस्पताल वैकल्पिक चिकित्सा /दर्ता दस्तुर | रु. ७०००/- | प्रति शैया |
| | ८. आयुर्वेद अस्पतालवैकल्पिक चिकित्सा नविकरण दस्तुर / | रु. २०००/- | प्रति शैया |
| | ९. आयुर्वेद होम्योपैथ क्लिनिक /दर्ता दस्तुर | रु. १००००/- | प्रति सेवा |
| | १०. आयुर्वेदहोम्योपैथ क्लिनिक नविकरण दस्तुर / | रु. १५००/- | प्रति सेवा |

**पुनश्च: तोकिएको समयभित्र नविकरण नगराएमा स्वास्थ्य संस्था दर्ता , अनुमति तथा नविकरण कार्यविधि बमोजिम जरिबाना लाग्नेछ।**

## अनुसूची –५

**नक्सा पास /नक्सा प्रमाणित दस्तुर तथा फाराम शुल्कको दररेट**

| सि.नं. | विवरण | आ.व. २०७८/०७९ दररेट | |
|---|---|---|---|
| १ | RCC भूंइ तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | १।– | |
| २ | RCC प्रथम तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | २।– | |
| ३ | RCC दोस्रो तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | ३।– | |
| ४ | RCC तेस्रो तल्ला सम्म प्रति वर्ग फुट | ४।– | |
| ५ | पक्की इटा, ढुंङ्गा, माटो, वाँस, टायल, टिन, खपडा, एसवेस्टस प्रयोग गरी वनाएको घरमा प्रति वर्ग फिट | ०.५०।– | |
| ६ | कम्पाउण्डवाल प्रति रनिङ्ग फिट | ०.५०।– | |
| ७ | घर निर्माण सम्पन्न प्रमाण पत्रमा | ५००।– | |
| ८ | घर नक्सा नामसारी दस्तुर | ५००।– | |

| | | | |
|---|---|---|---|
| ९ | घर नक्सा निवेदन दस्तुर | १००।– | |
| १० | घर नक्साको प्रतिलिपिमा | ५००।– | |
| ११ | घर कायम सिफारिस (जग्गाधनी प्रमाण पुर्जा श्रेस्तामा) | ५००।– | |
| १२ | पुरानो घरको अभिलेखीकरणको प्रमाण पत्र | ५००।– | |

**द्रष्टव्य** :– १. यस कार्यालयमा दर्ता नभएका व्यक्ति वा फर्मवाट तयार पारिएका नक्सा पेश भएमा रु. ०.५० पैसा प्रति वर्ग फिट थप दस्तुर लाग्ने ।

२. सि.नं.१,२ र ३ को हकमा कसैले न.पा.बाट अनुमति नलिई निर्माण कार्य गरेको अबस्थामा नक्सा पास गर्न मुनासिब देखिए निम्न बमोजिमको थप दस्तुर लिई नक्सा पास गरिने ।

(क) प्लीन्थ लेभेल सम्म निर्माण कार्य गरेको भए दस्तुरको १० प्रतिशत थप दस्तुर लाग्ने।

(ख) छत ढलान गरेको भए २५ प्रतिशत थप दस्तुर लगाईने।

(ग) निर्माण सम्पन्न गरि बसोबास गरिरहेको भए ५० प्रतिशत थप दस्तुर लाग्ने।

३. सि.नं.४ बमोजिम निर्माण सम्पन्न गर्नु पर्ने अबधि भित्र निर्माण कार्य सम्पन्न गरेको तर सम्पन्न प्रमाण–पत्र नलगेको हकमा म्याद समाप्त भएको मितिले एक बर्ष भित्र निर्माण सम्पन्न प्रमाण–पत्र नलगेमा दोब्बर दस्तुर लाग्ने ।

४. नक्सा पासका लागि न.पा. मा पेश गर्दा लाग्ने दस्तुरको ५० प्रतिशत थप धरौटी लाग्ने र सो धरौटी निर्माण सम्पन्न प्रमाण पत्र लिइ सके पछि निर्माण सामग्री हटाई सफा गरी सके पछि न.पा.को निरीक्षण पश्चात् पूर्णरुपमा सरसफाई गरेको भए धरौटी रकममा १० प्रतिशत रकम कट्टा गरी वाँकी रकम फिर्ता गरिने। अन्यथा सम्बन्धित पक्षले समयमा पूर्णरुपमा सरसफाई गरी धरौटी फिर्ता नलगेको खण्डमा न.पा.बाट जुन सुकै बखत पनि धरौटी रकमबाट कट्टा हुने गरी सरसफाई गर्न सक्ने।

५. नगरपालिकाको नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम अपाङ्गता भएका नागरिकलाई नगरपालिकाबाट दिइने सिफारिसमा ५० प्रतिशत छुट दिइनेछ। साथै अति गरिव नागरिक, मुसहर, डोम लाई नगरपालिकाबाट दिइने सिफारिसमा पूर्ण छुट दिइनेछ।

## अनुसूची -६

**ब्यवसाय करको दररेट देहाय बमोजिम हुनेछ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा पेशा गर्दा व्यापार व्यवसाय वा पेशामा पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा बार्षिक रुपमा देहाय वमोजिम व्यवसाय कर असुल गरिनेछ।

**व्यापारिक वस्तुहरुः**

चुरोट तथा रक्सी जन्य पदार्थ हार्डवयर र ज्वेलर्स सँग सम्वन्धित वस्तुहरुको व्यापार व्यावसाय (मदिरा र कोल्ड ड्रिंक्स सहितको किराना पसल समेत) वार्षिक

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | १ लाख देखि ३ लाख सम्म | ५०० |
| २ | ३ लाख १ देखि १५ लाख सम्म | १५०० |
| ३ | १५ लाख १ देखि १ करोड सम्म | ३००० |
| ४ | १ करोड १ देखि ५ करोड सम्म | ८००० |
| ५ | ५ करोड १ देखि माथी | १५००० |

ख) क्यामरा,टेलिभिजन,चस्मा लगायतका विद्युतीय सामग्री (सिडि, प्लेयर्स कम्प्युटर सामग्री समेतका ब्यवसायहरु)

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | ५ लाख सम्म | ५०० |

| | | |
|---|---|---|
| २ | ५ लाख १ देखि २० लाख सम्म | १००० |
| ३ | २० लाख १ देखि १ करोड सम्म | २००० |
| ४ | १ करोड १ देखि ५ करोड सम्म | ४००० |
| ५ | ५ करोड १ देखि माथी | ८००० |

ग) ट्याक्टर विक्रि,कारजिप, अटोमोवाईल्स, मोटरपार्टस, मोटरसाईकल, मिल मेसिनरी आदी

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | १ लाख सम्म | १५०० |
| २ | १ लाख १ देखि ५ लाख सम्म | ३००० |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | ४००० |
| ४ | १० लाख १ देखि२० लाख सम्म | ५००० |
| ५ | २० लाख १ देखि १ करोड सम्म | ८००० |
| ६ | १ करोड १ देखि माथी | १५००० |

घ) किताब, कापि तथा स्टेशनरी संग सम्बन्धित ब्यवसाय ( किराना ब्यवसाय समेतको हकमा)

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | ५० हजार रुपैया सम्म | २०० |
| २ | ५० हजारदेखि १ लाख समम | ३०० |
| ३ | १ लाख १ देखि ३ लाख सम्म | ५०० |
| ४ | ३ लाख १ देखि ५ लाख सम्म | १००० |
| ५ | ५ लाख १ देखि २० लाख सम्म | २००० |
| ६ | २० लाख १ देखि २५ लाख सम्म | २५०० |
| ७ | २५ लाख १ देखि माथी | ३५०० |

ङ) कृषि सँग सम्वन्धित ब्यवसायको हकमा (कृषि फर्म,गाईपालन,संगुरवंगुरपालन, वाख्रापालन आदी) कृषि सामाग्री औजार, मल, विउ, गाई, माछा, दाना, चोक्रा, कुखुरादाना, पशुपंछी आहार)

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | १ लाख रुपैया सम्म | १०० |
| २ | १ लाख १ देखि ३ लाख सम्म | २०० |
| ३ | ३ लाख १ देखि ५ लाख सम्म | ३०० |
| ४ | ५ लाख १ देखि २० लाख सम्म | ४०० |
| ५ | २० लाख १ देखि माथी | ५०० |

च) सिसा फ्रेम, कार्पेट, सजावटका सामान र जनरल गुड्सहरु

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | १ लाख सम्म | ५०० |
| २ | १ लाख १ देखि ५ लाख सम्म | १००० |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | २००० |
| ४ | १० लाख १ देखि २० लाख सम्म | ५००० |
| ५ | २० लाख १ देखि माथी | ८००० |

सुति कपडा रेडिमेड कपडा आदि ब्यवसाय

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | १ लाख देखि ३ लाख सम्म | १००० |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | १२०० |
| ३ | ५ लाख १ देखि १५ लाख सम्म | २००० |
| ४ | १५ लाख १ देखि ३० लाख सम्म | ३००० |
| ५ | ३० लाख १ देखि १ करोड सम्म | ४००० |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ५००० |
| ७ | ५ करोड भन्दा माथी | ८००० |
| ८ | कुम्ले व्यापारी | २००० |

बिशेषज्ञ परामर्श तथा ब्यावसायिक सेवा :

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | एम.डि डाक्टर | १००० |
| २ | एम.वि.वि.एस./ पशु डाक्टर(भि.भि.एस.) | ५०० |
| ३ | पशु सहायक | १०० |
| ४ | कविराज होमियोपेथिक आयुर्वेद डाक्टर | ५०० |
| ५ | सर्जिकल समान खुद्रालाई | ५०० |
| ६ | औषधि पसल थोकलाई | १००० |
| ७ | औषधि पसल खुद्रालाई | ५०० |
| ८ | सर्जिकल सामान थोकलाई | १००० |
| ९ | भिडियो एक्सरे | ५०० |
| १० | कविराज होमियोपेथिक आयुर्वेद अहेव | ५०० |
| ११ | शारीरिक व्याम सामाग्री विक्रि | ५०० |

ख) टेलि चलचित्र, वृत्ताचित्र निर्माण परामर्श सेवा अनुसन्धान तथा परामर्स दाता, अनुवादक, छापाखाना प्रेस स्क्रिन प्रिन्ट आदी)

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | १ लाख देखि ३ लाख रुपैया सम्म | १००० |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | १५०० |
| ३ | ५ लाख १ देखि १५ लाख सम्म | २००० |
| ४ | १५ लाख १ देखि २० लाख सम्म | २५०० |
| ५ | २० लाख १ देखि १ करोड सम्म | ३००० |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ३५०० |
| ७ | ५ करोड भन्दा माथी | ७००० |

ग) केवल नेटवर्क तर्फ

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | ५०० ग्राहक सम्म | ५००० |
| २ | ५०० देखि १००० गाहक भएको | १०००० |
| ३ | १००० भन्दा माथी ग्रहक भएको हकमा | प्रति ग्राहक १.५% |

घ)लेखापरिक्षक

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | श्रेणि क | १०००० |
| २ | श्रेणि ख | ६००० |
| ३ | श्रेणि ग | ३००० |
| ४ | श्रेणि घ | १५०० |

ङ) कानुन व्यवसायी

| क्र. सं | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | बरिष्ठ अधिवक्ता | २५०० |
| २ | अधिवक्ता | १५०० |
| ३ | अभिवक्ता | १००० |
| ४ | लेखापढि व्यबसायी | २५०० |

च) अन्य सेवा वा फर्म

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | विमा एजेन्ट विदेशि | ३००० |

| | | |
|---|---|---|
| २ | विमा एजेन्ट स्वदेशि | २००० |
| ३ | विज्ञापन एजेन्सी | २००० |
| ४ | शेयर दलाल | ५००० |
| ५ | अभिकर्ता | ५०० |
| ६ | कानुनि फर्म | २००० |

छ) निर्माण व्यावसायी

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | श्रेणी घ (भवन निर्माणकर्ता ठेकेदार समेत) | ३००० |

**ज. कुटानी पिसानी ब्यावसायीको हकमा**

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | पिसानी मात्र | ३०० |
| २ | कुटानी | ३०० |
| ३ | पेलानी | ४०० |
| ४ | चिउरा | ५०० |
| ५ | मसला बेसार | ३०० |
| ४ | विक्री वितरण | ४०० |

**झ. पर्यटन सेवा व्यवसाय आवास, लज, होटेल, फाष्टफुड, रेष्टुरा, रीसोर्ट, ट्राभल्स एजेन्सी, स्विमिङ पुल**

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | सानो ग्रामिण स्तर चिया पसल वा ५० हजार लगानी भएको होटेल | ३०० |
| २ | ५० हजार देखि १ लाख सम्म | ५०० |
| ३ | १ लाख देखि २ लाख सम्म | ८०० |
| ४ | २ लाख देखि ५ लाख सम्म | १००० |
| ५ | ५ लाख देखि २० लाख सम | १५०० |
| ६ | २० लाख देखि माथी | २५०० |
| ७ | रिसोर्ट हरुको हकमा | ३००० |

**ञ. संचार सेवा एफ.एम समेत**

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | १ लाख सम्म | ५०० |
| २ | १ लाख देखि २ लाख ५० हजार सम्म | ६०० |
| ३ | २ लाख ५० हजार भन्दा माथी | ८०० |

| | | |
|---|---|---|
| ४ | एफ.एम रेडियो प्रसारण | २००० |
| ५ | टेलिभिजन प्रसारण | ५००० |
| ६ | मोवाईल टावर ठुलो | १०००० |
| ७ | मोवाईल टावर सानो | ५००० |

**वन तथा वनवाट उत्पादित काठ कुकाठतर्फ निकासी सिफारिस दस्तुर**

यस नगरपालिका भित्रका सामुदायिक वन तथा निजि आवादी वाट जिल्ला भित्र वा जिल्लाबाहिर निकासी हुने काठ कूकाठ र दाउराको जिल्ला वन कार्यालयबाट छोड पूर्जि लिन सम्बन्धीत वडा कार्यालयबाट सिफारिस लैजानु पर्ने र सिफारिस दिदा निम्न दर रेट अनुसारको सिफारिस दस्तुर लिने ।

साल काठ

क) श्रेणीको काठ रु १०० प्रति क्यु फिट

ख) श्रेणीको काठ रु ८० प्रति क्यु फिट

ग) श्रेणीको काठ रु ६० प्रति क्यू फिट कुकाठ, अस्ना, कर्मा, सिसौ, जावुनो प्रति क्यू फिट ३० कुकाठ अन्य प्रति क्यू फिट १५ साल काठ दाउरा प्रति चट्टा रु.५०००।- कूकाठ दाउरा प्रतिचट्टा रु.१०००।-

**ट. मनोरञ्जन कर : फिल्म सुटिङ**

| सि.न. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | ठूलो पर्दा | ६००० |
| २ | सानो पर्दा | ३००० |
| ३ | म्यूजिक भिडियो | १००० |

**ठ. वित्तिय सेवा**

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | निजि क्षेत्र द्धारा संचालित वाणिज्य वैंक विदेशि बिमा कम्पनि क वर्गका वैंक | १०००० |
| २ | बिकास वैंक , ख वर्गका वैंक | ७००० |
| ३ | बित्तिय कम्पनिको मुख्य कार्यालय र लघु वित्त | ५००० |
| ४ | विमा कम्पनि र मनि ट्रान्सफर | २५०० |
| ५ | १ करोड सम्म कारोवार भएका सहकारी | २००० |
| ६ | १ करोड देखि ३ करोड सम्म भएका सहकारी | ४००० |
| ७ | ३ करोड देखि ५ करोड सम्म | ७००० |
| ८ | ५ करोड देखि माथि | १०००० |

**ड. स्वास्थ्य सेवा गैर सरकारी अस्पताल नरसिंह होम, क्लिनिक तथा ल्यावहरु लगायत स्वास्थ्य सेवा सँग सम्बन्धित ब्यवसायहरु**

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | ५ लाख सम्मको लागी | २००० |
| २ | ५ लाख १ देखि २० लाख सम्मको | ४००० |
| ३ | २० लाख १ देखि १ करोड सम्मको | ५००० |
| ४ | १ करोड १ देखि ५ करोड सम्मको | ६००० |
| ५ | ५ करोड १ देखि माथी | १०००० |

तालिम तथा प्रशिक्षण केन्द्रहरु

तालिम तथा अनुसन्धान ,कम्प्युटर टाईपिङ्ग लगायत फोटोकपी रु ५०० समेत संचालन भई काम गर्ने हरुको हकमा कम्प्युटर तथा प्रशिक्षण ,निजि क्षेत्र वाट ई शिक्षा तथा कोचिङ्ग सेन्टर आदि। –रु १०००।–

**ढ. मर्मत सेवा**

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | टेक्टर, वस, ट्रक, ह्यावि ईक्वीमेन्ट कार, जिप सवारी डेन्टिङ मोटर पार्टस मिल मेसिनरी एयरकुलर टायर रीसोलिङ्ग डाईनामाईट | १५०० |
| २ | मोटरसाईकल | १००० |
| ३ | रेडियो, घडि, टि.भि, आदी ईलेक्ट्रोनिक सामान | ३०० |
| ४ | ग्यास चुलो सेल्स पम्प टायर पम्प पञ्चर ग्यास वेल्डिङ्ग, वक्सा मर्मत गर्ने, साईकल, रिक्सा, लुगा सिउने मेसिन अन्य फोटोकपि ब्याग | ५०० |

**ण. अन्य सेवा**

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | यातायत व्यवसायी टिकट बुकिङ काउन्टर(बस, जिप,माइक्रो, अन्य) | १००० |
| २ | उद्योग संघसंस्था आदिमा स्वदेशको लागी जनशक्ति सप्लाई गर्ने | १००० |
| ३ | कलर ल्याब | १००० |
| ४ | घरजग्गा खरीद विक्रि | ४००० |
| ५ | विज्ञापन सेवा फोटो स्टुडियो | १००० |
| ६ | ब्युटिपार्लर,केशश्रृगार साईन वोर्ड पेन्टीङ्ग सैलुन नर्सरी | ५०० |
| ७ | मासु (खसि,कुखुरा,रागा,वंगुर आदी) खुद्रा विक्रेता | ५०० |
| ८ | मासु (खसि,कुखुरा,रागा,वंगुर आदी) थोक विक्रेता | १००० |
| ९ | पंचेवाजा/ढोल पिपही/रसम चौकिही वाजा | नि:शुल्क |
| १० | वेण्डवाजा | ५०० |
| ११ | शीत भण्डार | १००० |

| | | |
|---|---|---|
| १२ | टेण्ट हाउस | १००० |
| १३ | हाफ क्याटरीङ्ग | १००० |
| १४ | साईवर क्याफे | ५०० |
| १५ | एग्रोभेट | ५०० |
| १६ | कवाडी पसल थोक | १००० |
| १७ | कवाडी पसल खुद्रा | ५०० |
| १८ | ढुवानी सेवा शाखा भएका | १००० |
| १९ | ढुवानी सेवा शाखा नभएका | ५०० |
| २० | खानामात्र विक्रि होटेल | ५०० |
| २१ | सेटरिङ व्यवसाय | १००० |
| २२ | १ मेशिन राखी कपडा सिलाई गर्ने (थप एक मेसिन वरावर १००) | ५०० |
| २३ | खाद्यान्न सम्बन्धीत काँटा व्यवसाय | ५०० |
| २४ | पेट्रोलियम पद्धार्थ वेच्ने पम्प प्रति मेशिन | ३००० |
| २५ | ग्यास विक्रि डिलर र खुद्रा | १०००र५०० |
| २६ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारा, हेल्थकेयर कृत्रिम गहना समेत खुद्रा विक्रेता | १००० |
| २७ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारा ,हेल्थकेयर कृत्रिम गहना समेत थोक विक्रेता | १५०० |
| २८ | डिपार्टमेन्टल स्टोर, रेष्टुरेण्ट वेकरी सहितको | ५००० |
| २९ | डिपार्टमेन्टल स्टोर | १०००० |
| ३० | ढुवानी सेवा | ५००० |
| ३१ | कुरियर सेवा | २५०० |

**ट. फुटपाथमा पसल राखी व्यापार व्यवसाय गर्नेहरुका लागि देहाय बमोजिमको दैनिक कर दर तोकिएको छ ।**

| सि.नं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | तरकारी बेच्नेसंग | ५ |
| २ | चटपटी बेच्नेसंग | १० |
| ३ | फलफूल बेच्नेसंग | १० |
| ४ | खाद्य सामग्री बेच्नेसंग | १० |
| ५ | कचरी पकौरी बेच्नेसंग | ५ |
| ७ | सतु बेच्नेसँग | १० |
| ८ | माछा बेच्नेसँग | १० |

**ठ. उद्योग**

क्यारेट उद्योग, चाउमिन उद्योग, ह्याचरी उद्योग, ग्रिल उद्योग, दाना उद्योग, फिनेल उद्योग, निर उद्योग, औषधि उद्योग, उत्पादन मुलक उद्योगको डिपो, सौर्य उर्जा उत्पादन, मिश्रि चकलेट उद्योग, पापड चिप्स उद्योग, पाउरोटी उद्योग, वरफ उत्पादन, झुल तथा पर्दा उत्पादन, तारजाली उत्पादन गर्ने उद्योग, काष्ट उद्योग, डेरी उत्पादन, फर्निचर वनाउने उद्योग , निमार्ण उद्योग, खनिज उद्योग, मदिरा उद्योग, सुर्तीजन्य पदार्थ उद्योग, बिडी उद्योग, शौचालय सामग्री उद्योग, सेलर तथा उर्जा मूलक उद्योगहरु लगाएत अन्य दर्ता गर्न आउने उद्योग समेत।

| क्र.सं. | विवरण | आ.व. ०७८।०७९ (प्रति रु. ) |
|---|---|---|
| १ | ३ लाख सम्म | ५०० |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | १००० |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | १२०० |
| ४ | १० लाख १ देखि २० लाख सम्म | १५०० |
| ५ | २० लाख १ देखि १ करोड सम्म | ५००० |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | १५००० |
| ७ | ५ करोड भन्दा माथी | २५००० |
| ८ | सिमेन्ट उद्योग वार्षिक | ४००००० |
| ९ | ईट्टा उद्योग वार्षिक | ४०००० |
| १० | मदिरा उद्योग वार्षिक | ५५००० |

माथि उल्लेखित व्यवसायको हकमा अन्य निकायलाई गरिने सिफारिस वापतको दस्तुर थप लाग्ने छ। उल्लेखित सिफारिस वापतको दस्तुर तोकिए बमोजिम हुनेछ। माथि उल्लेखित नभएका अन्य उद्योगहरुका हकमा नगरसभाले पारित गरेका दररेटहरु लाई नै मान्यता दिईने छ वर्गीकरण नखुलेका व्यवसायहरु

| क्र.सं. | विवरण | २०७८/७९ |
|---|---|---|
| १ | आलु, हरियो तरकारी थोक विक्रि | ५०० |
| २ | खुद्रा तरकारी, फलफुल, पान पसल | १०० |
| ३ | माछा मार्ने पेशेवर (व्यवसाय) | १००० |

**अनुसूची -७**

**यस बर्ष देखि गोलवजार नगरपालिकामा सम्पत्ति कर देहाय बमोजिम लगाइनेछ।**

१. प्रति लाख सम्पत्ति वापत रु. ५।- का दरले लाग्नेछ। साथै सुकुम्वासी नेपाली नागरिकहरुलाई (जसको आफ्नो जग्गामा घर छैन) सम्पत्ति कर वापत जम्मा रु. २५।- मात्र तोकिएको छ।

**अनुसूची- ८**

खनिज पदार्थ उत्खन्न बालुवा, ढुंगा, गिट्टी र ग्राभेल (ढुंगा,गिट्टी,वालुवा र ग्राभेलको दररेट)

| **सि.नं.** | **विवरण** | | | आ.व. ०७८।०७९ |
|---|---|---|---|---|
| १ | क) गिट्टी | ट्रयाक्टर | प्रति ट्रिप | ३०० |
| | | ट्रिपर | प्रति ट्रिप | १००० |

| | | | | |
|---|---|---|---|---|
| | ख) वालुवा | ट्रयाक्टर | प्रति ट्रिप | १५० |
| | | ट्रिपर | प्रति ट्रिप | ५०० |
| | ग) ढुंगा | ट्रयाक्टर | प्रति ट्रिप | ५०० |
| | | ट्रिपर | प्रति ट्रिप | १००० |
| | घ) ग्राभेल | प्रति घनमिटर | | ६० |
| | ङ) माटो/ भरोट बालुवा | ट्रयाक्टर | प्रति ट्रिप | १०० |
| | | ट्रिपर | प्रति ट्रिप | २५० |
| २ | ग्राभेल, ढुङ्गा, माटो, बालुवा उत्खनन अनुमती पत्र बापत दस्तुर | | | १०००० |
| ३ | ग्रभेल, ढुङ्गा, माटो, बालुवा उत्खनन अनुमती पत्र नविकरण बापत दस्तुर | | | १०००० |
| | **चोरी निकासी/ करछली** | | | **दण्ड जरिवाना** |
| ४ | क. जे.सि.वि/व्याक हो लोडर | | | २५०००।- |
| | ख. ट्रिपर/ट्रक | | | २००००।- |
| | ग. ट्याक्टर | | | १००००।- |

**२५% रकम प्रोत्साहन वापत सुरक्षाकर्मीलाई दिईनेछ ।**

## अनुसूची-९

**विज्ञापन कर दररेट**

| सि.नं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १ | होर्डिङ वोर्ड,फेल्क्स बोर्डबाट प्रति वर्गफिट | रु. ९०/– |
| २ | व्यवसायिक भित्ते लेखनमा प्रति वर्गफिट | रु. १५/– |
| ३ | ग्लो बोर्ड,विद्युतिय बोर्ड,ए.सी.पी.बोर्ड तथा डिजीटल बोर्ड बाट प्रति बर्गफिट | रु.१२०।– |
| ४ | सार्वजनिक र निजि स्थानमा तुल व्यानर प्रति हप्ता | रु. १००/– |
| ५ | पोलहरुमा विज्ञापन गरेबापत प्रतिपोल प्रतिगोटा प्रति एक साईड | रु.१०००।– |
| ६ | स्टिकर,बेलुन तथा स्वागतद्धार प्रतिगोटा प्रति हप्ता | रु. ५००/– |
| ७ | भिजुयल बोर्ड प्रति विज्ञापन प्रतिदिन | रु १०००/– |
| न.पा. क्षेत्रभित्र कुनै किसिमको विज्ञापन गर्नु/राख्नु परेमा पुर्वस्वीकृती लिनु पर्नेछ । स्वीकृती नलिई राखिएका बोर्डहरुमा सतप्रतिसत थप गरि कर संकलन गर्न सकिनेछ । | | |
| मदिरा तथा सुर्तिजन्य पदार्थको सार्वजनिक स्थानमा विज्ञापन गर्न पाईने छैन, निजी स्थानको हकमा थप २५% कर लाग्नेछ । | | |

## अनुसूची-१०

**मनोरञ्जन कर देहाय बमोजिम दररेट निर्धारण गरिएको छ ।**

साँस्कृतिक प्रदर्शन हल, नाच घर, सिनेमा हल, नाच पार्टी तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनीमा प्रवेश शुल्कमा २ प्रतिशत मनोरञ्जन कर लाग्ने छ ।

जादु, सर्कश, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर वापत अनुमतिका लागि गरिने सिफारिसका दस्तुर अतिरिक्त प्रति दिन रु २००।– लिइने छ ।

**अनुसूची-११**

**पार्किङ शुल्क**

**सवारी साधन पार्किङ गरेवापत देहाय बमोजिम कर लाग्ने छ।**

| सि.नं. | विवरण | आ.व. ०७८।०७९ |
|---|---|---|
| १. | बस, ट्रक, लरी, अन्य हेवी गाडी | रु. २०।- |
| २. | माईक्रो, कार, अन्य साना गाडी | रु. १०।- |
| ३. | विदेशी बस, ट्रक, लरी, अन्य हेवी गाडी | रु. ५०।- |
| ४. | विदेशी माईक्रो, कार, जिप, अन्य साना गाडी | रु. ४०/- |
| द्रष्टव्यः सवारी साधन पार्किङ स्थान नगरपालिकाले तोके बमोजिम हुनेछ। | | |

**समाप्त**